# वार्षिक प्रगति प्रतिवेदन
## २०७७/०७८



नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
## राष्ट्रिय बाल अधिकार परिषद्
श्रीमहल, पुल्चोक, ललितपुर

प्रकाशक

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
**राष्ट्रिय बाल अधिकार परिषद्**
श्रीमहल, पुल्चोक, ललितपुर

**प्रतिः** ५००

**प्रकाशन मितिः**

२९ भदौ, २०७८, राष्ट्रिय बाल दिवस, २०७८

**सर्वाधिकारः**

राष्ट्रिय बाल अधिकार परिषद्

**डिजाइन/लेआउटः** क्यू ग्राफिक्स, पाटन

**मुद्रणः** देवी प्रिण्टिङ प्रेस, शंखमूल, काठमाडौं ।

नेपाल सरकार
# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

पत्र संख्या :
चलानी नं.:

सिंहदरवार, काठमाडौं, नेपाल
फोन नं. : ०१-४२००१६४/४२००१६८
४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
E-mail : mail@mowcsw.gov.np
Website : www.mowcsw.gov.np

## शुभकामना

राष्ट्रिय बाल अधिकार परिषद्ले आर्थिक वर्ष २०७७/०७८ मा सम्पादित क्रियाकलापहरूलाई समेटेर प्राप्त उपलब्धिहरूलाई वार्षिक प्रतिवेदनका रुपमा पहिलो पटक प्रकाशन गर्न लागेकोमा अत्यन्त खुसी लागेको छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्ने उद्देश्यले गठित राष्ट्रिय बाल अधिकार परिषद्ले उद्देश्य अनुरुप गत आर्थिक वर्षमा उल्लेख्य कार्यहरू सम्पादन गरेको छ । कोरोना महामारीको अवस्थामा समेत परिषद्ले निरन्तर रुपमा कोभिड-१९ मा बालसंरक्षण कार्यहरू सञ्चालन गर्नुका साथै जोखिममा परेका बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन, स्थानीय तहमा बाल अधिकार संयन्त्रहरूको स्थापनाका लागि सहजीकरण, समन्वय, सहकार्य तथा क्षमता अभिवृद्धिका लागि विविध कार्यक्रमहरू सञ्चालन गरी उल्लेख्य उपलब्धि हाँसिल गरेको छ । कोभिड-१९ को महामारीको अवस्था तथा राष्ट्रिय बाल अधिकार परिषदको सिमित स्रोत तथा मानवीय संसाधनको बावजुद पनि परिषद्को वार्षिक कार्यक्रम कार्यान्वयनको भौतिक तथा वित्तिय प्रगति नब्बे प्रतिशत भन्दा बढी हुनेगरी कार्यसम्पादन गर्न सफल भएकोमा खुसी लागेको छ ।

बालबालिकाको हक, हित र अधिकारको संरक्षण र सम्बर्द्धनका लागि परिषदबाट भएका क्रियाकलापहरूबाट प्राप्त उपलब्धिहरूको बारेमा सम्बन्धित सरोकारवालाहरूलाई जानकारी गराउने उद्देश्यले पहिलो पटक प्रकाशन गर्न लागिएको जानकारी तथा सूचनामूलक वार्षिक प्रतिवेदन आगामी वर्षहरूमा समेत निरन्तर प्रकाशन गर्ने अपेक्षा सहित शुभकामना व्यक्त गर्दछु ।

..................................
यामकुमारी खतिवडा
सचिव

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
राष्ट्रिय बाल अधिकार परिषद्
National Child Rights Council-NCRC
श्रीमहल, पुल्चोक, ललितपुर

पत्र संख्या :
चलानी नं. :

# प्रतिवद्धता

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ बमोजिम महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षतामा बाल अधिकार र संरक्षणका लागि नेपाल सरकारको विशिष्टीकृत निकायको रूपमा गठित राष्ट्रिय बाल अधिकार परिषद्ले विशेषतः बालबालिका सम्बन्धी कानुनी तथा नीतिगत व्यवस्थाहरुका लागि परामर्श गर्ने, राष्ट्रिय बाल संरक्षण प्रणालीको सञ्चालन गर्ने, बाल अधिकार र संरक्षणका विषयहरुमा तीनै तहका सरकारी निकाय तथा गैर सरकारी निकायहरुसँग समन्वय तथा सरोकारवालाहरुको क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरु गर्दै आएको छ । नेपालको संविधानले प्रत्याभूत गरेका बालबालिकाको मौलिक हक, बालबालिका सम्बन्धी ऐन, २०७५ तथा नेपाल पक्ष राष्ट्र भएका मानवअधिकार महासन्धिले सुनिश्चित गरेका बालबालिकाको अधिकारको संरक्षण र सम्बर्धनका लागि परिषद् क्रियाशील रहेको छ ।

परिषदबाट आर्थिक वर्ष २०७७/०७८ मा हराएर दर्ता भएकामध्ये ८२ प्रतिशत बालबालिकाको खोजतलास गरी परिवारमा पारिवारिक पुनर्मिलन गर्न सफल भइएको छ। यसैगरी ३५५ जना सडक बालबालिका, ५८ जना जोखिमपूर्ण श्रममा लागेका बालबालिका, ७३ जना मापदण्ड विपरित सञ्चालनमा रहेका बालगृहमा राखिएका बालबालिका, १९७ जना वेवारिसे बालबालिका र ७१६ जना जोखिममा परेका बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन कार्य गरेको छ। यसैगरी सातै प्रदेश तथा ५४२ वटा स्थानीय तहसँग अन्तरक्रिया गरी स्थानीय तहमा बाल अधिकार संरक्षण प्रणालीको स्थापना र सञ्चालनका लागि सहजीकरण गरेको छ। यसबाट १८६ वटा स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि निर्माण भई लागू भएको छ। १२९ स्थानीय तहमा स्थानीय बाल अधिकार समितिको गठन तथा ५१ वटा स्थानीय तहमा बाल कल्याण अधिकारीको व्यवस्था भएको छ। १३५ वटा स्थानीय तहमा बालकोषको स्थापना भएको छ। यसबाट स्थानीय तहमा नै बालबालिकाको अधिकारको कार्यान्वयनमा सहजता पुग्ने विश्वास गरिएको छ।

परिषद्ले विभिन्न सामाजिक संस्थाहरुलाई सञ्चालन अनुमति प्रदान गरी  सञ्चालन गरिरहेको बाल हेल्पलाइन १०९८ (दश नौ आठ) सेवालाई आर्थिक वर्ष २०७७/०७८ मा १२ स्थानबाट विस्तार गरी १८ स्थानबाट सञ्चालन गरेको छ । १८ स्थानमा सञ्चालित बाल हेल्पलाइन सेवाबाट १० हजार ३ सय ६८ जना

फोन नं.: ०१-५५५०१२१, ५५५०१४७
Tel. : 01-5550121, 5550147
फ्याक्स: ९७७-१-५५२७५९१
Fax : 977-1-5527591
E-mail : contact@ncrc.gov.np
Website : www.ncrc.gov.np
E-Portal : www.childrights.gov.np

बालबालिकाले प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् । कोभिड-१९ को महामारीको समयमा परिषद्ले १८ स्थानमा कोभिड हेल्पडेस्क स्थापना तथा ६० जिल्लाका १८० जना स्वयमसेवी समूह परिचालन गरी ३ हजार ५७ जना बालबालिकालाई आवश्यक सेवा प्रदान गरेको छ । यसैगरी परिषद्ले कोभिड-१९ का कारण अभिभावक विहिन भएका बालबालिकाको संरक्षण तथा व्यवस्थापन गर्ने कार्य समेत गरिरहेको छ ।

यस कार्यमा विकास साझेदार, सञ्चारकर्मि, नागरिक संगठनहरुबाट परिषद्सँग गरिएको सहकार्य प्रशंसायोग्य रहेका छन् । साथै यस कार्यमा संघीय मन्त्रालयहरु, योजना आयोग, मानव अधिकारसँग सम्बन्धित संवैधानिक आयोग, प्रदेश सरकार, जिल्ला समन्वय समिति, स्थानीय तहको भूमिकाप्रति परिषद् आभार वयक्त गर्दछ । त्यसैगरी परिषद्सँग आवद्ध भई कोभिड संकट बालबालिका सहायता स्वयमसेवी समूहले कोभिड-१९ बाट बालबालिकाको संरक्षण र सहयोगका लागि पुऱ्याएको योगदानप्रति परिषद् हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

राष्ट्रिय बाल अधिकार परिषद बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि प्रतिवद्ध रहेको छ । राष्ट्रिय बाल संरक्षण प्रणालीको रुपमा सञ्चालनमा रहेका बालबालिका खोजतलास समन्वय केन्द्र १०४ को सेवा सातै प्रदेशमा विस्तार तथा बाल हेल्पलाइन १०९८ सेवालाई क्रमशः विस्तार गर्दै जोखिममा परेका तथा विशेष संरक्षणकाको आवश्यकता भएका बालबालिकाको पहुँचमा अभिवृद्धि गर्न परिषद् प्रतिवद्ध रहेको छ । यसै गरी बालबालिकाको अधिकारको सूनिश्चितताका लागि स्थानीय तहमा नै बाल अधिकार संरक्षण प्रणालीको स्थापना तथा सञ्चालनमा सहजीकरण गर्ने, नेपाल सरकारको पन्ध्रौ योजनाको कार्यनीति अनुसार बालबालिकाको वैकल्पिक स्याहारको प्रवर्धन गर्दै निःसंस्थाकरण गर्ने, बालबालिका सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्थाहरुमा आवश्यक सुधारका लागि परामर्श र समन्वय गर्ने कार्यहरुमा प्रतिवद्ध रहेको छ ।

..............................

मिलनराज धरेल

कार्यकारी निर्देशक

# १. राष्ट्रिय बाल अधिकार परिषद्को बारेमा




## क. सङ्क्षिप्त परिचय

सङ्घीय सरकारले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ ले व्यवस्था गरे अनुरुप बाल अधिकारको संरक्षण र संवर्द्धनका कार्यहरू गर्न गराउनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रीको अध्यक्षतामा राष्ट्रिय बालअधिकार परिषद् गठन गरेको छ । यस परिषद्ले तीनै तहका सरकारहरूलाई नीतिगत परामर्श, क्षमता विकासका कार्यक्रमहरू तथा बाल संरक्षण संयन्त्र (बाल हेल्पलाइन सेवा १०९८ र बालबालिका खोजतलास सेवा १०४) को सञ्चालन गर्ने कार्य गर्दछ । यसै गरी बाल हिंसा दुर्व्यवाहार एवं जोखिम अवस्थामा परेका बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन गर्ने कार्य गर्दछ । बाल अधिकारको संरक्षण र संवर्द्धनका लागि प्रदेश तथा स्थानीय सरकारहरूसँग समन्वय, सहकार्य गर्नुका साथै सङ्घीय तहमा अन्तर मन्त्रालय समन्वयका कार्यहरू गर्ने जिम्मेवारी यसै परिषद्को रहेको छ ।

## ख. परिषद्को काम, कर्तव्य र अधिकार

बालबालिका सम्बन्धी नियमावली, २०५१ (दोस्रो संशोधन, २०७६) बमोजिम परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छः-

क. राष्ट्रिय बालअधिकार परिषद्को दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

ख. बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिको लागि आवश्यक नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई सुझाव दिने,

ग. नेपाल सरकारद्वारा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

घ. नेपाल पक्ष रहेका बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि अन्तर्गत आवधिक प्रतिवेदन तयार गर्न सहजीकरण गर्ने,

ङ. प्रदेश सरकार र स्थानीय तहद्वारा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षाका लागि सम्बन्धित प्रदेश र स्थानीय बाल अधिकार समितिसँग समन्वय र आवश्यक सहजीकरण गर्ने,

च. बाल अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने,

छ. प्रदेश र स्थानीय बाल अधिकार समितिबाट प्राप्त वार्षिक प्रतिवेदन तथा विवरण समेतको आधारमा बालबालिका सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन वार्षिक रूपमा सार्वजनिक गर्ने,

ज. बालबालिका सम्बन्धी राष्ट्रिय सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन तथा सुदृढीकरण गर्ने,

झ. राष्ट्रिय बालअधिकार परिषद्को कार्यालय, कर्मचारी दरबन्दी तथा जनशक्ति र आर्थिक स्रोत साधनको व्यवस्था मिलाउने, परिचालन गर्ने, तालिम दिने तथा क्षमता अभिवृद्धि गर्ने,

ञ. नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई बालसंरक्षण तथा बालअधिकार प्रवर्द्धनका लागि द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार एवम् अन्तर्राष्ट्रिय सङ्घसंस्थाबाट प्राप्त सहायता परिचालन गरी आवश्यकताअनुसार कार्यक्रम सञ्चालन गर्ने,

ट. नेपाल सरकारबाट स्वीकृत योजना, वार्षिक नीति तथा कार्यक्रम अनुकूल प्राथमिकता निर्धारण गरी बालसंरक्षण तथा बालअधिकार प्रवर्द्धनका लागि विशेष राष्ट्रिय अभियान सञ्चालन गर्ने,

ठ. बालबालिकाको हक हितको संरक्षण तथा बाल कल्याण सम्बन्धी स्थानीय योजना तथा कार्यक्रम तर्जुमा गर्न प्रदेश तथा स्थानीय तह र स्थानीय बालअधिकार समितिलाई सहयोग गर्ने,

ड. बालगृह, बाल सुधारगृह, अस्थायी संरक्षण सेवा, पुनर्स्थापना केन्द्रको निरीक्षण गर्ने ।

## परिषद्को सङ्गठन संरचना

**अध्यक्ष**
माननीय मन्त्री, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

**सदस्य :**
नेपाल सरकारले नागरिक सङ्गठनबाट मनोनीत ४ जना ।

**पदेन सदस्य:**
१९ जना (सङ्घीय मन्त्रालयका सह-सचिव, नेपाल प्रहरी, प्रदेश सामाजिक विकास मन्त्रालयका सचिवहरू)

**सदस्य सचिव:**
नेपाल सरकारले नियुक्त गरेको कार्यकारी निर्देशक




# २. बालबालिका सम्बन्धी नेपाल सरकारको नीति, योजना तथा कार्यक्रम

## क. सामाजिक क्षेत्र अन्तर्गतको रणनीति तथा कार्यनीतिहरू

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| रणानीति-३<br>बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारको हिंसाको अन्त्य गरी उनिहरूको जीवनलाई सुरक्षित बनाउने | कार्यनीति-४ बालबालिकाको आपत्कालीन उद्धार र संरक्षणका लागि बालबालिका खोजतलास नं. १०४ र बाल हेल्पलाइन १०९८ को सेवा स्थानीय तहसम्म विस्तार गरी सो सेवाबारे विद्यालय र सर्वसाधारणसम्म पुग्ने गरी प्रचारप्रसार गरिनेछ ।<br><br>कार्यनीति-७ अनलाइन सुरक्षालाई प्रभावकारी बनाउँदै इन्टरनेटको दुरुपयोगबाट पर्ने सबै प्रकारका नकारात्मक असरबाट बालबालिकालाई संरक्षण गर्न राज्य संयन्त्र र सरोकारवालासँग साझेदारी गरी कार्यक्रम सञ्चालन गरिनेछ । |
| रणनीति- ४<br>असहाय, अनाथ, अपाङ्गता भएका, अशक्त तथा वेवारिसे भएका बालबालिकालाई राज्यबाट संरक्षण र सम्वर्द्धन गर्ने | कार्यनीति-१ अनाथ एवम् विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि जन्मदर्ता तथा नागरिकता पाउने प्रक्रिया सरलीकरण गरिनेछ । |
| | कार्यनीति-२ असहाय, अनाथ, अपाङ्गता भएका, अशक्त तथा वेवारिसे र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण र प्रवर्द्धन गर्न अस्थायी संरक्षण सेवाको व्यवस्थापन गरिनेछ । |
| | कार्यनीति-३ सडक बालबालिका उद्धार र पुनःस्थापना, रोकथाम र नियन्त्रणमा प्रदेश र स्थानीय तहबाट समेत अभियान सञ्चालन गरिनेछ । |
| | कार्यनीति-४. बालगृह, बाल सुधार गृह, निगरानी कक्ष तथा अस्थायी संरक्षण सेवामा रहेका बालबालिकाको खानपान, स्वास्थ्य तथा सुरक्षाको विषयमा उपयुक्त मापदण्ड निर्माण गरी सोको आधारमा सञ्चालन गर्न निरन्तर अनुगमन गरी सुधार गरिनेछ । |
| रणनीति नं ६<br>राज्यले सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक व्यवस्था गर्ने | कार्यनीति-२ जुनसुकै क्षेत्रमा कार्यरत श्रमिकको अनुगमन गरी बालश्रमिकको उद्धार तथा पुनःस्थापन गरिनेछ । |
| रणनीति नं. ७<br>बालबालिकाको पहुँचयुक्त पूर्वाधारको निर्माण गरी बालमैत्री वातावरण सिर्जना गर्ने | कार्यनीति-३ बाल अधिकार, बालमैत्री स्थानीय शासन तथा बाल संवेदनशीलता अभिवृद्धि सम्बन्धी विषय शिक्षक तथा सबै सरकारी निकायको तालिम पाठ्यक्रममा समावेश गरी अभिमूखीकरण तथा क्षमता अभिवृद्धि तालिम प्रदान गरिनेछ । |
| रणनीति ८<br>विद्यमान बालगृहको संस्थागत आवासीय संरक्षणलाई निरुत्साहित तथा निःसंस्थाकरण गर्दै अन्तिम विकल्पको रुपमा मात्र संरक्षण गर्ने गरी अन्य वैकल्पिक हेरचाहलाई प्रवर्द्धन गर्ने । | कार्यनीति-१ विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई वैकल्पिक हेरचाहको व्यवस्था गर्ने प्रणाली स्थापना गरिनेछ । |



## ख. आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम

- बुँदा नं. ८६. सबै प्रकृतिका श्रम शोषणको अन्त्य गरिनेछ ।
- बुँदा नं. ८९. आफ्नो हेरचाह आफैं गर्न नसक्ने वा श्रम गर्न नसक्ने अशक्त तथा असहाय, अपाङ्गता भएका व्यक्ति, बालबालिकाको पहिचान गरी समाजिक संरक्षणको व्यवस्था गरिनेछ ।
- बुँदा नं. २३९. बालबालिका सम्बन्धी राष्ट्रिय रणनीति तयार गरी कार्यान्वयन गरिनेछ । प्रदेश र स्थानीय तहको सहकार्य र समन्वयमा बाबुआमा तथा अभिभावकको मृत्यु भई वा अन्य कारणले असहाय भएका वा सडकमा बेवारिसे अवस्थामा रहेका बालबालिकाको उद्धार तथा संरक्षण गरिनेछ ।
- बुँदा नं. २४२. असहाय, स्वास्थ्य जोखिममा रहेका, घरबाहिर अलपत्र परेका, आश्रयहीन व्यक्तिहरूको उद्धार, उपचार तथा पुनःस्थापना गरिनेछ ।



## ग. आ.व. २०७७/०७८ को बजेट वक्तव्य

- बुँदा नं ७१ आर्थिकरूपले विपन्न, अशक्त, असहाय, अपाङ्गता भएका, एकल महिला, बालबालिका, लोपोन्मुख र सीमान्तिकृत समुदायलाई राज्यबाट विशेष सुरक्षा र संरक्षण प्रदान गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- बुँदा नं. ७४ असहाय, बेवारिसे, सङ्क्रमित र आश्रयहीन लगायत सबै सहयोगापेक्षीको आश्रय, संरक्षण र हेरचाह गर्दै देशलाई सडक मानव मुक्त राख्ने प्रबन्ध मिलाइएको छ ।
- बुँदा नं १९४ बालबालिका सम्बन्धी राष्ट्रिय रणनीति तयार गरी कार्यान्वयन गरिनेछ । सदाका लागि बालश्रमको अन्त्य गर्दै सडक बालबालिका मुक्त देश बनाइनेछ ।
- बुँदा नं. २४२ असहाय, स्वास्थ्य जोखिमा रहेका, घरबाहिर अलपत्र परेका, आश्रयहीन व्यक्तिहरूको उद्धार, उपचार तथा पुनःस्थापना गरिनेछ ।

## ३. आ.व. २०७७/०७८ का मुख्य उपलब्धीहरू

*आ.व. २०७७/७८ मा राष्ट्रिय बाल अधिकार परिषद्बाट कूल १५ हजार ६ सय ४४ बालबालिकाले संरक्षण सहायता प्राप्त गरेका छन् । जसमध्ये बालबालिका खोजतलास समन्वय केन्द्र १०४ मार्फत ३६१९ जना, बाल हेल्पलाइन १०९८ सेवाबाट १०३४८ जना र परिषद्ले १६५७ जना बालबालिकालाई बालसंरक्षण सहायता प्रदान गरेको छ ।*

### (क) परिषद् मार्फत गरिएको उद्धार, संरक्षण र व्यवस्थापन सम्बन्धी विवरण

बालक :- १४९५ बालिका :- २९१३ जम्मा :- ४४०८ जना

३००९ हराएको बालबालिका






१९७ वेवारिसे फेला परेका बालबालिका



जोखिमपूर्ण श्रममा संलग्न बालबालिका ५८

३५५ सडक बालबालिका





४७०
हिंसा तथा दुर्व्यवहार पिडीत
जोखिमपूर्ण श्रममा परेका
१८
१२
अभिभावक कारागार वा हिरासतमा परी जोखिममा परी जोखिममा परेका
गम्भीर विरामी, दुर्घटना वा प्रकोपमा परेका
१३
१३
शारीरिक दण्ड सजाय तथा हेपाईमा परेका
बाल बिवाहमा परेका
१०९
२६
लागू पदार्थ दुर्व्यशनी तथा अन्य जोखिममा परेका
७३
मापदण्ड विपरित सञ्चालित बालगृहमा आश्रीत बालबालिका

## (ख) परिषद्बाट प्रदान गरिएका सहायता विवरण

बालक :- ७०९५ बालिका :- ८५४९ जम्मा :- १५६४४ जना

| सहयोग | संख्या |
| --- | --- |
| स्वास्थ्य उपचार सहयोग | ४६५ |
| मनोसामाजिक मनोविमर्श | २४६८ |
| पारिवारिक परामर्श | २५०६ |
| कानूनी परामर्श | ५५७ |
| खाद्य सामग्री तथा बाल संरक्षण सहयोग | १३८१ |
| आर्थिक राहत सहयोग | १२८ |
| शैक्षिक सहयोग | ८०४ |
| बाल विवाह रोकथाम सहयोग | २१५ |
| आय आर्जन सहयोग | ६३ |
| सीपमूलक तालिम | ३० |
| पारिवारिक तथा अन्य सहयोग | २०३७ |
| लागू पदार्थ दुर्व्यशनी उपचार सेवा | २०९ |
| पारिवारिक पुनर्मिलन सहयोग | ३७३२ |
| अस्थायी संरक्षण सेवा | १०४९ |

## (ग) स्थानीय तहमा बाल अधिकार संरक्षण प्रणालीको स्थापना र सुदृढीकरण

*आ.व. २०७७/०७८ राष्ट्रिय बाल अधिकार परिषद्ले बालबालिका सम्बन्धी ऐन २०७५ को कार्यान्वयनको लागि गरेको प्राविधिक सहयोग तथा सहजिकरणबाट स्थानिय तहहरूमा बाल अधिकार संरक्षण प्रणालिको स्थापना र सञ्चालनको सुरुवात भएको छ ।*

कार्यविधि निर्माण भएका स्थानीय तह- १८६

स्थानीय बालअधिकार समिति गठन भएका स्थानीय तह- १२९

बालकल्याण अधिकारी नियुक्त / तोकिएका स्थानीय तह- ५१

बालकोषको स्थापना भएका स्थानीय तह- १३५

| प्रदेशको नाम | कार्यविधि निर्माण भएका स्थानीय तह | स्थानीय बाल अधिकार समिति गठन भएका स्थानीय तह | बालकल्याण अधिकारी नियुक्त/तोकिएका स्थानीय तह | बालकोषको स्थापना भएका स्थानीय तह |
|---|---|---|---|---|
| प्रदेश १ | ६३ | २४ | ६ | २७ |
| प्रदेश २ | १५ | ११ | ७ | ७ |
| बागमती प्रदेश | ६५ | ५५ | १९ | ६३ |
| गण्डकी प्रदेश | ८ | ८ | ३ | ११ |
| लुम्बिनी प्रदेश | १४ | ८ | ५ | १३ |
| कर्णाली प्रदेश | १५ | १६ | ९ | ११ |
| सूदूरपश्चिम प्रदेश | ६ | ७ | २ | ३ |
| जम्मा | १८६ | १२९ | ५१ | १३५ |

## (घ) कोभिड १९ मा बाल संरक्षण तथा सहायता सम्बन्धी विवरण

*आ.व. २०७७/०७८ राष्ट्रिय बाल अधिकार परिषद्ले कोभिड १९ बाट जोखिममा परेका ३ हजार ५७ जना बालबालिकालाई संरक्षण सहायता उपलब्ध गराईएको छ ।*

बालक :- १५१८ बालिका :- १५३९ जम्मा :- ३०५७ जना

मनोविमर्श सेवा
८२७

स्वास्थ्य उपचार
३०५

खाद्यान्न सामग्री
१३२२

पारिवारिक परामर्श तथा अन्य
६०३

## ४. आ.व. २०७७/०७८ मा परिषद्बाट सम्पादित मुख्य क्रियाकलापहरू

*आर्थिक वर्ष २०७७/०७८ मा परिषद्ले बालबालिका खोजतलास समन्वय केन्द्र १०४ को सुदृढीकरण तथा विस्तार गर्नका लागि भृकुटीमण्डपमा अस्थायी संरक्षण सेवा केन्द्रको भवन निर्माण गरेको छ भने प्रदेश नं. १ मा नयाँ भवन निर्माण, प्रदेश नं. २ र लुम्बिनी प्रदेशमा पुरानो भवन प्रप्ति तथा मर्मत सम्भार गरी कार्यालय भवनको व्यवस्थापन गरेको छ ।*

### (क) बालबालिका खोजतलास समन्वय केन्द्र १०४ सुदृढीकरण र विस्तार

भृकुटीमण्डप स्थित अस्थायी संरक्षण सेवा केन्द्रको भवन निर्माण



प्रदेश नं. १ मा बालबालिका खोजतलास समन्वय केन्द्र १०४ को कार्यालय भवन निर्माण



प्रदेश नं. २ मा बालबालिका खोजतलास समन्वय केन्द्र १०४ को भवन प्राप्ति तथा मर्मत सम्भार





लुम्बिनी प्रदेशमा बालबालिका खोजतलास समन्वय केन्द्र १०४ को भवन प्राप्ति तथा मर्मत सम्भार



## (ख) बाल हेल्पलाइन १०९८ सेवाको विस्तार

परिषद्ले आ.व. २०७७/७८ मा बाल हेल्पलाइन १०९८ सेवालाई १२ स्थानबाट १८ स्थानमा विस्तार गरी बाल संरक्षण सेवा प्रवाह गरेको छ ।



## (ग) बालबालिका खोजतलास समन्वय केन्द्र १०४ मा कार्यरत प्रहरी कर्मचारीहरुलाई अनुशिक्षण

*परिषद्ले आ.व. २०७७/०७८ मा महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा कार्यरत ११९ जना प्रहरी कर्मचारीहरुलाई बालबालिका खोजतलास सेवा १०४ को प्रभावकारिता अभिवृद्धिका लागि अनुशिक्षण गरेको छ ।*




## (घ) अस्थायी संरक्षण सेवा केन्द्रहरुको सूचिकरण


*परिषद्ले आ.व. २०७७/७८ मा जोखिममा परेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार पश्चात अस्थायी संरक्षणका लागि ११२१ जना बालबालिकाको क्षमता सहितको २८ वटा अस्थायी संरक्षण सेवा केन्द्रहरुको सूचीकरण गरेको छ ।*



## (ङ) बालबालिका सम्बन्धी ऐन, २०७५ का व्यवस्थाहरूको कार्यान्वयनको लागि प्रदेश तथा जिल्लास्तरीय अन्तरक्रिया

*परिषद्ले आ.व. २०७७/०७८ मा सातै प्रदेश र ५७ जिल्लाका ५४२ वटा स्थानिय तहका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई बालबालिका सम्बन्धी ऐन, २०७५ का व्यवस्थाहरूको कार्यान्वयनको लागि प्राविधिक सहयोग तथा सहजीकरण गरेको छ ।*

भर्चुअल माध्यमबाट अनुशिक्षण गरिएका स्थानीय तह- १७६




भौतिक उपस्थितिमा अनुशिक्षण गरिएका स्थानीय तह- ३६६

### सहभागी विवरण

जनप्रतिनिधि ९१८



महिला-३८६

पुरुष-५३२

कर्मचारीः ९१८




महिला-४८८

पुरुष-४३०


## (च) कोभिड-१९ मा बाल संरक्षण कार्य

*परिषद्ले आ.व. २०७७/७८ मा कोभिडबाट जोखिममा परेका बालबालिकाको संरक्षण तथा सहायताका लागि ६० जिल्लाका १८० जना स्वयम्सेवी समूह र १८ स्थानमा कोभिड हेल्पडेक्स सञ्चालन तथा परिचालन गरि बालबालिकालाई संरक्षण तथा सहायता उपलब्ध गराएको छ*





## (छ) बालगृह अनुगमन, बालबालिकाको उद्धार, संरक्षण तथा नि:संस्थाकरण


*परिषद्ले आ.व. २०७७/७८ मा ४५४ वटा बाल गृहहरूको अनुगमन गरी आश्रित बालबालिकाहरु तथा बाल गृहले मापदण्ड पालना गरे नगरेको अवस्थाको अनुगमन गरेको छ ।*





## (ज) नीतिगत परामर्श तथा सहायता

*परिषद्ले आ.व. २०७७/७८ मा बाल संरक्षण तथा व्यवस्थापन कार्यविधि, २०७८, बालअधिकार राष्ट्रिय नीति, २०७८, बालबालिका सम्बन्धी १० वर्षे रणनीतिक कार्ययोजना र संयुक्त राष्ट्र सङ्घीय बाल अधिकार समितिमा पेश गर्ने बालअधिकार सम्बन्धी नेपालको प्रतिवेदनको मस्यौदा तयारीका लागि सहयोग तथा परामर्श गरेको छ ।*











# ५. बजेट तथा उपभोग सम्बन्धी विवरण

## (क) आ.व. २०७७/०७८ को स्वीकृत बजेट




## (ख) बजेट उपभोग सम्बन्धी विवरण



# अनुसूची -१

## बाल हेल्पलाइन सञ्चालक संस्था र प्रदान गरेको सेवाबाट लाभान्वित बालबालिकाको संख्या

| क्र.स. | संस्थाको नाम र ठेगाना | आधार जिल्ला र स्थान | पहुँच जिल्लाहरू | उद्धार संरक्षण तथा व्यवस्थापन गरिएका बालबालिका | बाल हेल्पलाइन सेवा प्रदान गरिएका बालबालिका |
|---|---|---|---|---|---|
| १. | सामाजिक सेवा केन्द्र, दैलेख | दैलेख बजार, दैलेख | दैलेख, कालिकोट, हुम्ला, सुर्खेत र जाजरकोट | बालक:१० बालिका:२८ जम्मा:३८ | बालक:४२५ बालिका:७७५ जम्मा:१२०० |
| | | कालिकोट | कालिकोट, हुम्ला, जुम्ला, मुगु र डोल्पा | बालक:८ बालिका:१४ जम्मा:२२ | बालक:१०२ बालिका:१३५ जम्मा:२३७ |
| २. | आवाज संस्था, सुर्खेत | बीरेन्द्रनगर, सुर्खेत | सुर्खेत, जाजरकोट, जुम्ला, मुगु, सल्यान, पश्चिम रुकुम | बालक:४२ बालिका:९४ जम्मा:१३६ | बालक:११५ बालिका:२८५ जम्मा:४०० |
| ३. | पिसविन, बाजुरा | बाजुरा | बाजुरा, अछाम, डोटी, बझाङ, मुगु र कैलाली | बालक:५ बालिका:५ जम्मा:१० | बालक:१५ बालिका:१६ जम्मा:३१ |
| ४. | नेपाल सामाजिक विकास तथा जनशसक्तीकरण केन्द्र (नेस्पेक), उदयपुर | गाइघाट, उदयपुर | उदयपुर, खोटाङ, ओखलढुङ्गा, सिन्धुली र सोलुखुम्बु | बालक:३१ बालिका:१ जम्मा:३२ | बालक:३६३ बालिका:३२६ जम्मा:५८९ |
| ५. | बाल आवाज (भ्वाइस अफ चिल्ड्रेन), सुनसरी | इटहरी, सुनसरी | सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा र भोजपुर | बालक:३२ बालिका:७ जम्मा:३९ | बालक:३६१ बालिका:१४८ जम्मा:५०९ |
| ६. | दियालो परिवार चितवन | नारायणगढ, चितवन | चितवन, धादिङ, नवलपरासी, (वर्दघाट सुस्ता पूर्व), गोरखा, लमजुङ र तनहुँ | बालक:१९ बालिका:५ जम्मा:२४ | बालक:१०९ बालिका:११९ जम्मा:२२८ |
| ७. | सिविन नेपाल, काठमाण्डौ | काठमाण्डौ | काठमाडौं, ललितपुर, भक्तपुर, नुवाकोट, काभ्रे र सिन्धुपाल्चोक, दोलखा, रामेछाप, रसुवा | बालक:२४ बालिका:६३ जम्मा:८७ | बालक:८४४ बालिका:१२१८ जम्मा:२०६२ |
| | | नेपालगञ्ज, बाँके | बाँके, बर्दिया, दाङ, सल्यान, रुकुम र रोल्पा, प्युठान | बालक:११ बालिका:७ जम्मा:१८ | बालक:१४८ बालिका:१९६ जम्मा:३४४ |
| | | हेटौडा, मकवानपुर | मकवानपुर, बारा, पर्सा, ललितपुर र रौतहट | बालक:१९ बालिका:६५ जम्मा:८४ | बालक:३४४ बालिका:१००७ जम्मा:१३५१ |
| | | पोखरा, कास्की | कास्की, तनहुँ, गोरखा, लमजुङ, स्याङ्जा, पर्वत, बाग्लुङ, स्याग्दी, मनाङ र मुस्ताङ | बालक:२१ बालिका:२० जम्मा:४१ | बालक:५०८ बालिका:५६५ जम्मा:१०७३ |
| | | धनगढी, कैलाली | कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी, दार्चुला, बैतडी र बझाङ | बालक:६४ बालिका:७३ जम्मा:१३७ | बालक:३३१ बालिका:५९३ जम्मा:९२४ |
| | | विराटनगर, मोरङ | मोरङ, झापा, धनकुटा, तेह्रथुम, ईलाम र पाँचथर | बालक:२ बालिका:२२ जम्मा:२४ | बालक:३३४ बालिका:७३२ जम्मा:१०६६ |
| | | रूपन्देही, बुटवल | रूपन्देही, अर्घाखाँची, कपिलबस्तु, गुल्मी र पाल्पा | बालक:० बालिका:० जम्मा:० | बालक:० बालिका:० जम्मा:० |
| ८. | मानव अधिकार मञ्च, इलाम | इलाम | इलाम, पाँचथर, झापा र ताप्लेजुङ | बालक:२ बालिका:२ जम्मा:४ | बालक:११ बालिका:१२ जम्मा:२३ |
| ९. | आसमान नेपाल, धनुषा | धनुषा, जनकपुर | धनुषा, सप्तरी, सिरहा, महोत्तरी, सिन्धुली | बालक:० बालिका:० जम्मा:० | बालक:३ बालिका:४८ जम्मा:५१ |
| १०. | संरक्षण नेपाल, बारा | कलैया, बारा | बारा, पर्सा, सर्लाही र रौतहट | बालक:४ बालिका:११ जम्मा:१५ | बालक:१२३ बालिका:१४८ जम्मा:२७१ |
| ११. | मकालु त्रिशक्ति समूह (माट्स नेपाल), संखुवासभा | संखुवासभा | संखुवासभा, तेह्रथुम, भोजपुर र धनकुटा | बालक:१ बालिका:४ जम्मा:५ | बालक:१ बालिका:८ जम्मा:९ |

## अनुसूची -२

### आ.व. २०७७/०७८ मा परिषदमा सूचीकृत अस्थायी संरक्षण सेवा केन्द्रहरू

| क्र.स. | संस्थाको नाम र ठेगाना |
|---|---|
| १ | मानव सेवा आश्रम, मकवानपुर |
| २ | महिला तथा बालबालिका सरोकार केन्द्र, सुनसरी |
| ३ | माया घर नेपाल, सुनसरी |
| ४ | साझा सवालका लागि साझा मञ्च (कोकन), काठमाडौं |
| ५ | ग्रामीण जीवनस्तर सुधार मञ्च, मकवानपुर |
| ६ | बेथानी भिजन, काठमाडौं |
| ७ | एक्सेस, काठमाडौं |
| ८ | हिमाली नवीन समाज, काठमाडौं |
| ९ | छोरी, काठमाडौं |
| १० | शक्ति समूह, काठमाडौं |
| ११ | चेतन अभिवृद्दि केन्द्र (क्याप नेपाल), काठमाडौं |
| १२ | शक्ति मिलन समाज, काठमाडौं । |
| १३ | कुमुदिनी काठमाडौं |
| १४ | महिला आत्म निर्भरता केन्द्र, सिन्धुपाल्चोक |
| १५ | नेपाल गुडविभ फाउण्डेसन |
| १६ | कोशिश (राष्ट्रिय मानसिक स्वास्थ्य स्वावलम्बन संगठन), काठमाडौं |
| १७ | एपीसी नेपाल, काठमाडौं |

### अपाङ्गता भएका बालबालिकाको अस्थायी संरक्षण सेवाका लागि सूचीकृत संस्थाहरू

| क्र.स. | संस्थाको नाम र ठेगाना |
|---|---|
| १८ | ॐ अपाङ्गता बालबालिका स्याहार केन्द्र, स्युचाटार काठमाडौं |
| १९ | द्वन्द्व पीडित तथा अपाङ्ग समाज नेपाल |

### सडक बालबालिकाको अस्थायी संरक्षणका लागि सूचीकृत संस्थाहरू

| क्र.स | संस्थाको नाम र ठेगाना | कार्यक्षेत्र | संस्थाको भूमिका |
|---|---|---|---|
| २० | सोबर रिकभरी तथा उपचार तथा पुनःस्थापना केन्द्र | काठमाण्डौ उपत्यका | ड्रप इन सेन्टर तथा लागु पदार्थ दुर्व्यसन पुनः स्थापना केन्द्र |
| २१ | बाल आवाज, ललितपुर, | ललितपुर | ड्रप इन सेन्टर तथा सामिजकीकरण र पुनः स्थापना केन्द्र |
| २२ | बाल आवाज, सुनसरी, | प्रदेश नं. १ का सबै जिल्लाहरू | ड्रप इन सेन्टर तथा सामिजकीकरण र पुनः स्थापना केन्द्र |
| २३ | युथ क्लब, दर्ता भएको | चितवन, हेटौडा, विरगञ्ज | ड्रप इन सेन्टर तथा पुनः स्थापना केन्द्र |
| २४ | श्रमिक बालबालिकाहरूको लागि सामाजिक एकीकरण मञ्च (चिल्ड्रेन नेपाल) | पोखरा | बालबालिकाको संरक्षण व्यवस्थापनका लागि पुनः स्थापना केन्द्र |
| २५ | बाल हितकारी परियोजना | कास्की | ड्रप इन सेन्टर तथा पुनः स्थापना केन्द्र |
| २६ | भैरव युवा सशक्तिकरण केन्द्र, | सुर्खेत | ड्रपइन सेन्टर तथा पुनःस्थापना केन्द्र |
| २७ | सिर्जनशील संस्था नेपाल | बुटवल | ड्रप इन सेन्टर तथा पुनः स्थापना केन्द्र |
| २८ | युसेप नेपाल, सानो ठिमी, भक्तपुर | भक्तपुर | सामाजिकीकरण केन्द्र तथा सीपमूलक तालिम सेवा केन्द्र |

# अनुसूची -३

## उपसमिति र उपसमिति सदस्यहरू

| क्र.स. | उपसमिति | पदाधिकारी |
|---|---|---|
| १. | बालबालिका सम्बन्धी अध्ययन अनुसन्धान समन्वय उपसमिति | **संयोजकः**<br>श्री विमला ज्ञवाली, सदस्य, राष्ट्रिय बाल अधिकार परिषद्<br>**सदस्यः**<br>प्रा. डा. श्री योगेन्द्रबहादुर गुरूङ, त्रि.वि.वि. जनसंख्या अध्ययन विभाग<br>प्रा. श्री चन्द्रकला शर्मा, मानसिक स्वास्थ्य तथा जनस्वास्थ्य क्षेत्र<br>श्री तेज सुनार, अध्यापन, अनुसन्धानकर्ता र दलित अधिकारकर्मी<br>श्री पेम्बा लामा, अध्यापन, अनुसन्धानकर्ता र श्रम क्षेत्र विज्ञ |
| २. | बालबालिका सम्बन्धी सूचना सामग्रीहरूको प्रमाणीकरण उप-समिति | **संयोजकः**<br>श्री भीमलाल गुरूङ, सदस्य, राष्ट्रिय बाल अधिकार परिषद्<br>**सदस्यहरू**<br>प्रा.डा. श्री कुन्दन अर्याल, त्रि.वि.वि. आमसञ्चार विभाग<br>श्री शुभेच्छा बिन्दु, महिला पत्रकार, प्रेस काउन्सिल नेपाल पूर्व<br>श्री सुवास खतिवडा, पूर्व अध्यक्ष, सामुदायिक रेडियो प्रसारक संघ<br>श्री राजेश शर्मा, बालमैत्री पत्रकार सञ्जाल, बाल क्लब पूर्व सदस्य |
| ३. | बाल गृह अनुगमन उप-समिति | **संयोजकः**<br>श्री सुन्दर लामिछाने, सदस्य, राष्ट्रिय बाल अधिकार परिषद्<br>**सदस्यहरू**<br>श्री रविन नेपाली, उपाध्यक्ष, सिनेट<br>श्री समीक बडाल, पूर्व-महासचिव, नेपाल बाल संगठन<br>श्री बिष्णुमायाँ भुसाल, सदस्य नेपाल बार सङ्गठन<br>श्री प्रतिनीधि, समाज कल्याण परिषद् |
| ४. | नागरिक सङ्गठन समन्वय उप-समिति | **संयोजकः**<br>श्री इन्दिरा योञ्जन, सदस्य, राष्ट्रिय बालअधिकार परिषद्<br>**सदस्यहरू**<br>श्री तिलोत्तम पौडेल, बाल अधिकारकर्मी, बालमैत्री स्थानीय शासन सञ्जाल<br>श्री किरण थापा, अध्यक्ष कन्सेर्टियम नेपाल तथा बाल अधिकारकर्मी<br>श्री बेनुमाया गुरूङ, कार्यकारी निर्देशक एटविन तथा बाल अधिकारकर्मी<br>श्री प्रतिनिधि, गैसस महासंघ, केन्द्रीय समिति । |

### (ग) बाल अधिकार विज्ञ समूह


१. श्री गौरी प्रधान, बाल अधिकार विज्ञ तथा बाल अधिकारकर्मी
२. श्री तारक धिताल, बाल अधिकारकर्मी, पुर्व कार्यकारी निर्देशक केबाकस
३. डा. श्री विजय ज्ञवाली, बाल अधिकारकर्मी तथा विज्ञ मानसिक स्वास्थ्य
४. डा. श्री रामहरी चापागाँई, बाल अधिकारकर्मी तथा बाल स्वास्थ्य विज्ञ
५. श्री अप्सरा पाण्डे, बाल अधिकारकर्मी तथा बाल नर्सिंग विज्ञ
६. डा. श्री राजकुमार ढुंगाना, बाल अधिकारकर्मी तथा शिक्षा विद्
७. श्री शिव भण्डारी, बाल अधिकारकर्मी तथा बाल अधिकार अनुगमन विज्ञ
८. श्री इन्दु तुलाधर, बाल अधिकारकर्मी तथा लैगिक र बाल अधिकार कानून विज्ञ
९. श्री कुन्ति राना, बाल अधिकारकर्मी तथा प्रारम्भिक बाल विकास विज्ञ

१०. श्री उद्धव पौडेल, बाल अधिकारकर्मी तथा बालश्रम विज्ञ
११. श्री दिपेश पल ठाकुर, बाल अधिकारकर्मी तथा अन्तर्राष्ट्रिय सहायता विज्ञ
१२. श्री ऋतु भट्ट, बाल अधिकारकर्मी तथा बाल संरक्षण र विपदमा बाल संरक्षण
१३. श्री डिल्ली गुरागाँई, बाल अधिकारकर्मी तथा विज्ञ बाल अधिकार शासन
१४. श्री शिवप्रसाद पौडेल, बाल अधिकारकर्मी बाल अधिकार कानून विज्ञ
१५. श्री इन्दिरा कोइराला, बाल अधिकारकर्मी बाल मैत्री स्थानिय शासन विज्ञ
१६. श्री कृष्ण सुवेदी, बाल अधिकारकर्मी
१७. श्री सिर्जना काफ्ले, बाल अधिकारकर्मी तथा बाल अधिकार विज्ञ

## अनुसूची -४

### आ.व. २०७७/७८ मा राष्ट्रिय बाल अधिकार परिषद्सँग कार्यक्रमिक साझेदारी गर्ने संस्था र सञ्जालको विवरण

| क्रस | कार्यक्रम/अन्तरक्रिया/गोष्ठी/सेमिनार/तालीम | सहयोगी संस्था/सञ्जाल |
|---|---|---|
| १ | लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बालबालिकाको प्रमुख सवाल विषयक अन्तरक्रिया कार्यक्रम | • निल हिरा समाज |
| २ | खेलकुदमा बालिका सहभागिता विषयक अन्तरक्रिया कार्यक्रम | • बालिका अधिकारका लागि राष्ट्रिय सञ्जाल<br>• स्वतन्त्रता अभियान |
| ३ | म्यूजिक भिडियो तथा मनोरञ्जन सामाग्रीमा बालबालिकाको संलग्नता तथा लैङ्गिक समानता विषयक | • बालिका अधिकारका लागि राष्ट्रिय सञ्जाल |
| ४ | बालबालिकाको लागि सुरक्षित ईन्टरनेट विषयक अन्तरक्रिया कार्यक्रम | • सिर्जनशील समाज नेपाल |
| ५ | बालबालिका सम्बन्धी ऐन, २०७५ का व्यवस्थाहरू स्थानीय तहमा कार्यान्वयन सम्बन्धी अन्तरक्रिया कार्यक्रम | • युनिसेफ नेपाल<br>• प्लान इन्टरनेसनल<br>• वर्ल्ड भिजन इन्टरनेसनल<br>• सेभ द चिल्ड्रेन<br>• मानव अधिकार मञ्च, इलाम<br>• शक्ति समूह |
| ६ | बाल अधिकारको कार्यान्वयनका लागि सहकार्यका विषयमा मानव अधिकारसँग सम्बन्धित संवैधानिक आयोगहरूसँगको अन्तरक्रिया | • बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान नेपाल |
| ७ | कोभिड-१९ मा बाल संरक्षण र स्वास्थ्यकर्मीको भूमिका विषयक अन्तरक्रिया (सात प्रदेश) | • नेपाल प्याडियाट्रिक सोसाइटी<br>• प्याडियाट्रिक नर्सेस<br>• एसोसियसन अफ नेपाल,<br>• राष्ट्रिय बाल संरक्षण सञ्जाल<br>• स्वतन्त्रता अभियान |


बालबालिका हराएमा वा बेवारिसे फेला परेमा
बेचबिखन वा गैर कानूनी ओसार पसार भएमा
अपहरणमा परेमा वा बेपत्ता पारिएमा
बन्धक गरिएमा वा जोखिममा परेमा
जोखिमयुक्त श्रममा संलग्न भएमा
सडक बालबालिका देखेमा
HELP
१०४
नि:शुल्क फोन नं. १०४ मा सम्पर्क गरौं

**बालबालिका सम्बन्धी ऐन, २०७५ को स्थानीय तहमा कार्यान्वयन गर्न**



- प्रत्येक स्थानीय तहले बाल अधिकार संरक्षण तथा सम्बर्धन कार्यविधिको निर्माण
- बालकोषको स्थापना
- स्थानीय बाल अधिकार समितिको गठन
- बाल कल्याण अधिकारीको नियुक्ति
- समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण गरी परिचालन गरौं ।

परिषद्को आ.व. २०७७/०७८ को कार्यसम्पादन सम्बन्धी विस्तृत प्रतिवेदन परिषद्का
वेवसाईटः *www.ncrc.gov.np*, ईपोर्टलः *ww.childrights.gov.np* वा परिषद्मा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।
सूचना अधिकारी : श्री रामबहादुर चन्द, फो.नं.: ९८४३०२१४७१